कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# एभरेष्ट कलर लिमिटेड
# EVEREST COLOUR LIMITED

रजिष्टर्ड कार्यालय : मध्यपुर थिमी नगरपालिका–३, भक्तपुर, नेपाल, फोन नं. :०१–६६३४८०२
इमेलः ecinepal@gmail.com वेभसाइटः www.everestcolour.com

## सर्वसाधारणमा निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

एभरेष्ट कलर लिमिटेडले आफ्नो जारी पूँजी रु.३०,००,००,०००।- को २६.३३ प्रतिशत अर्थात रु.७,९०,००,०००।- रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको ७,९०,००० कित्ता साधारण शेयरको १० प्रतिशतले हुने ७९,००० कित्ता नेपाल सरकारको सम्बन्धित निकायको श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि, ५ प्रतिशतले हुने ३९,५०० कित्ता शेयर सामुहिक लगानी कोषहरुको लागि र २ प्रतिशतले हुने १५,८०० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुको लागि बाँडफाँड गरी बाँकी रहेको ६,५५,७०० कित्ता शेयर मुक्तिनाथ क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा २०८३/०२/२२ गतेदेखि २०८३/०२/२७ गतेसम्म सर्वसाधारणमा खरीद आव्हान गरिएकोमा सो अवधिमा रितपुर्वक आवेदन दिनु हुने ६५,५७० जना आवेदकहरुलाई ६,५५,७०० कित्ता साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम मिति २०८३/०३/०४ गते बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराउँदछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., कम्पनी रजिष्ट्रारको कार्यालय, प्रत्याभुतीकर्ताहरु, संञ्चार माध्यमहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

बाँडफाँडमा परेका शेयरहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक मुक्तिनाथ क्यापिटल लिमिटेडको www.muktinathcapital.com अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित www. iporesult.cdsc.com.np / meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै, सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको बैंक खातामा प्रचलित नियम अनुसार रकमान्तरण गरी बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्वन्धित आवेदकहरुको बैंक खाता फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१७८/७९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेवसाइटः www.muktinathcapital.com

**मिति २०८३ असार ०५ गतेको "नेपाल समाचारपत्र" दैनिकमा प्रकाशित गर्ने**